# तालिम ,गोष्ठी, अभिमुखीकरण,अन्तरकृया तथा कार्यशाला संचालन सम्बन्धी खर्चको कार्यविधि

## २०७६

**प्रस्तावना**

सार्वजनिक खर्चलाई मितव्ययी,पारदर्शी,वस्तुनिष्ठ वनाई कम खर्चमा वढी भन्दा वढी उपलब्धी हासिल गर्न र गाउँपालिकाको वजेट मार्फत विभिन्न इकाइ, शाखा ,उपशाखा र वडा तहहरुमा संचालन गरिने कार्यक्रमहरुमा एकरुपता कायम गर्ने उद्धेश्यले यो कार्यविधी तयार गरिएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक १**

क) संम्छिप्त नाम र परिभाषा : यसको नाम तालिम गोष्टी, सेमिनार,अन्तरक्रिया, अभिमुखीकरण संचालनका लागि खर्च गर्ने सम्बन्धी कर्यविधी २०७६

ख).यो तुरुन्त प्रारम्भ हुने छ ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) वडा कार्यालय भन्नाले रिब्दीकोट गाउँपालिका अन्तर्गतका ८ वटै वडाहरुलाई जनाउन्छ ।

ख) गाउँपालिका भन्नाले रिब्दीकोट गाउँकार्यपालिकाको कार्यालय,खस्यौली,पाल्पालाई जनाउन्छ ।

ग) इकाइ,शाखा,उपशाखा भन्नाले रिब्दीकोट गाउँपालिका भित्र नेपाल सरकार वा प्रदेश सरकारवाट स्वीकृत संगठन संरचना वा गाउँकार्यपालिकावाट स्वीकृत संगठन संरचना भित्रका विभिन्न शाखा ,उपशाखा वा इकाइ समेतलाई जनाउन्छ ।

घ) सहजकर्ता/प्रशिक्षक/स्रोतव्यक्ति भन्नाले तालिम,गोष्टी,सेमिनार,कार्यशाला,अभिमुखिकरणमा विषयवस्तु प्रस्तुती ,सहजिकरण गर्ने व्यक्तिलाई जनाउन्छ । साथै निज गाउँपालिका भित्रको वा वाह्य रुपमा आमन्त्रण गरी ल्याएको विज्ञ समेतलाई जनाउन्छ ।

ङ) नेपाल सरकार,प्रदेश सरकार वा अन्य निकायवाट तोकिए बमोजिम खर्च गर्ने भनी उल्लेख गरिएका कार्यक्रमको हकमा भने सोही बमोजिम नै हुनेछ ।

**परिच्छेद २**

३. खर्चको नर्म्स देहाय अनुसार रहने छ ।

१) तालिम/गोष्ठि/कार्यशाला/अभिमुखीकरण संचालन गर्दा देहाय बमोजिमका नर्म्स प्रयोग गर्नु पर्ने छ ।

**क) गाउँपालिकामा हुने वा गाउँपालिका मार्फत संचालन गरिने कार्यक्रम**

| क.स. | विवरण | खर्च रकम | |
|---|---|---|---|
| १ | सहभागी भत्ता पारिश्रमिक | कार्यक्रमको औचित्य हेरी प्रति व्यक्ति प्रति दिन रु५०० | |
| २ | सहभागी यातायात खर्च | औचित्य हेरीदुरीको आधारमा आते,जाते दिने गरी वढीमा रु५०० सम्म | |
| ३ | सहभागी,सहजकर्ता,सहयोगी लगायतको खाजा खर्च | सहभागी संख्यामा र समूहमा ५ जना थप गरी वढीमा प्रति दिन प्रति व्यक्ति रु१५० का दरले | |

| | | | |
|---|---|---|---|
| ४ | सहभागी स्टेशनरी | ३ दिन सम्मको मा रु५०। का दरले, सो भन्दा वढी दिनको भएमा रु१००। साथै यदि आवश्यकता र औचित्यका आधारमा सामाग्री समेत दिनुपर्ने भएमा कार्यपालिकाको वैठकको निर्णय अनुसार दिन सकिने । साथै कार्यक्रम संचालनका लागी आवश्य सामग्रि खरिद तथा छपाइका लागी रु१५००। | |
| ६ | कार्यक्रम संयोजक/ व्यवस्थापक ले प्रतिवेदन वापत | **रु१०००** का दरले | |
| ७ | प्रशिक्षक/सहजकर्ता | • अधिकृतस्तरका लागि प्रति सेसन रु१०००।- कार्यपत्र /हेन्सआउट वापत<br>• प्रति सेसन रु ४००।०० कक्षा संचालन वापत<br>• सहायक स्तरका लागि प्रति सेसन रु७००।-<br>कार्यपत्र /हेन्सआउट वापत प्रति सेसन रु ४००।००<br>वाह्रय प्रशिक्षकका लागि प्रति सेसन रु. १४००।- (कार्यपत्रबापत) कार्यपत्र १५०० शब्दको हुनु पर्ने)<br>रु. ७०० प्रवचन बापत<br>• गाउँपालिकाको हकमा एक दिनमा एक जना प्रशिक्षकले वढीमा २ सेसनसम्म सक्ने छ ।तर बाह्य प्रशिक्षकको हकमा **एक दिनमा ४ वटा सेसन सम्म लिन सक्नेछ ।**<br>• प्रति सेसन कम्तीमा १ घण्टा ३० मिनेटको रहने छ ।<br>• अन्य व्यवस्था गर्नु पर्ने भएमा कार्यपालिकाको निर्णय वमोजिम हुनेछ । | |
| ८ | सहयोगी | प्रति समूह १ जनाका दरले प्रति दिन रु३००। का दरले | |

**ख) वडा कार्यालयमा हुने वा वडा कार्यालयमार्फत संचालन गरिने कार्यक्रम**

| क.स. | विवरण | खर्च रकम | |
|---|---|---|---|
| १ | सहभागी भत्ता पारिश्रमिक | प्रति व्यक्ति प्रति दिन रु३०० | |
| २ | सहभागी यातायात खर्च | | |
| ३ | सहभागी,सहजकर्ता,सहयोगी लगायतको खाजा खर्च | सहभागी संख्यामा ५ जना थप गरी प्रति दिन प्रति व्यक्ति रु१५० का दरले | |
| ४ | सहभागी स्टेशनरी | आवश्यकता र औचित्यमा आधारित न्यूनतम तालिम वा कार्यक्रम अवधिभर एक पटक मात्र ,प्रति सहभागी रु५०। साथै कार्यक्रम संचालनका लागी आवश्य सामग्रि खरिद तथा छपाइका लागी रु१५००। | |
| ६ | कार्यक्रम संयोजक/व्यवस्थापक ले प्रतिवेदन वापत | रु१०००।०० | |
| ७ | प्रशिक्षक/सहजकर्ता | एक दिनमा एक जना प्रशिक्षकले वढीमा २ सेसनसम्म लिन सक्ने छ गाउँपालिका भित्र वा गाउँपालिका बाहिरवाट ल्याई संचालन गर्नु पर्ने भएमा अधिकृतस्तरका लागि प्रति सेसन रु १४००।- सहायक स्तरका लागि प्रति सेसन **११००।-** प्रति सेसनको समय १ घण्टा ३० मिनेटको रहने छ । | |
| ८ | सहयोगी | १ जनाका दरले प्रति दिन रु३००। का दरले | |

२ अन्तरक्रिया कार्यक्रम संचालन गर्दा

| क.स. | विवरण | खर्च रकम |
|---|---|---|
| १ | सहभागी यातायात खर्च | दुरीको आधारमा वढीमा रु५०० सम्म |
| २ | खाजा खर्च | रु१००। का दरले |

| | | |
|---|---|---|
| ४ | संयोजक ,व्यवस्थापक, प्रतिवेदक | रु१०००।का दरले |
| ५ | सहयोगी | ५० जना सम्म भएमा १ जना र सो भन्दा वढी भएमा २ जनाका दरले रु३००। |
| ६ | विविध खर्च | रु १५००। -व्यानर,वोर्ड मार्कर लगायत अन्य |

३.कार्यविधि,निर्देशिका लगायत अन्य

| क.स. | विवरण | खर्च रकम |
|---|---|---|
| १ | प्रति कार्यविधि वा अन्य केही | आवश्यकता र औचित्यका आधारमा रु५,००० देखी १०,०००। सम्म |
| २ | खाजा खर्च | रु२०००। |
| ३ | विविध खर्च | रु१५००। |
| ४ | गाउँपालिकास्तरीय वैठक | प्रति सहभागी रु७००। ,खाजा खर्च रु १५०।का दरले |
| ५ | वडास्तरीय वैठक | प्रति सहभागी रु५००।,खाजा खर्च रु१५०। का दरले |
| ६ | एक दिने अनुगमन | गा.पा. स्तरीय सम्बन्धित व्यक्तिलाई मात्र प्रति सहभागी रु१०००।,खाजा खर्च रु १५० का दरले र वडास्तरीय रु५००।,खाजा खर्च रु१५०। का दरले साथै विविध खर्च रु१००० र ५००। मा नवढ्ने गरी |

- माथि उल्लेखित नर्म्समा जे सुकै उल्लेख गरीएता पनि स्टेशनरी वापत(डायरी र डटपेन) गाँउपालिकावाटै आफ्नो पहिचान हुने गरी तयार गरेको खण्डमा उक्त रकम उपलब्ध नगराई स्वयं सामाग्री नै प्रयोग गर्नु पर्नेछ ।
- माथी उल्लेखित नर्म्समा आधारित भई खर्च गर्दा नेपाल सरकारको नियम अनुसार करकटी काट्नु पर्नेछ ।